साकेला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, खोटाङ

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या : २०७६/०७७
चलानी नं. : ९२०

१ नं. प्रदेश
मिति: २०७७/०१/१५

साकेला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मानेभञ्ज्याङ, खोटाङ, १ नं प्रदेश स्था: २०७३

**श्री प्रधानाध्यापक ज्यु (माध्यामिक विद्यालय सबै) ।**
साकेला गाउँपालिका, मानेभञ्ज्याङ्ग, खोटाङ्ग

**विषय :- आवश्यकिय प्रबन्ध मिलाइदिनु हुन ।**

प्रस्तुत विषयमा प्रदेश नं.१ सामाजिक विकास मन्त्रालय विराटनगरको च.न.३१९८, मिति २०७७/०१/१४ को पत्रानुसार माध्यामिक शिक्षा परीक्षा कक्षा १० तयारी गरिरहेका विद्यार्थीलाई लक्षित गरी नेपाल टेलिभिजन इटहरी च्यानलबाट मिति २०७७/०१/१५ गते विहान १० वजेदेखि नेपाली, अंग्रेजी, विज्ञान, गणित र सामाजिक विषयका भर्चुअल कक्षा प्रसारण गर्ने भएको हुँदा उक्त भर्चुअल कक्षामा आफ्नो विद्यालयबाट कक्षा १० को परीक्षा दिने छात्रछात्राहरुलाई सहभागी गराई कक्षा पश्चात विद्यार्थीहरुका जिज्ञासालाई समाधान गर्न सम्बन्धित विषय शिक्षकको व्यवस्था गराईदिनु हुन अनुरोध छ ।

.....................
सुरजकुमार कार्की
शिक्षा अधिकृत
सुरजकुमार कार्की
शिक्षा शाखा प्रमुख

.....................
रविन मगर
प्रमुख प्रशासकिय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

**श्री सुचना शाखा ।**
यस पत्रलाई पालिकाको website/facebook page मा अपलोड गर्नुहुन ।

Nepal Education Cluster
नेपाल शिक्षा समूह

विद्यालयहरु क्वारेन्टाइन स्थलका रूपमा प्रयोगका सन्दर्भमा मार्गदर्शन

सामान्यतया विद्यालय भवनहरु, बालमैत्री स्थानहरु र सामुदायिक सिकाइ केन्द्रहरु भूकम्प, बाढी, पहिरो, महामारी तथा यस्तै अन्य विपद्का कारण घरबारविहिन परिवारका लागि आश्रयस्थलका रुपमा एवं सङ्क्रमणजन्य रोगव्याधीहरुका कारण परिवार वा सुरक्षित समुदायबाट टाढै राख्नुपर्नेहरुका लागि क्वारेन्टाइन स्थलको रूपमा प्रयोग गर्नु हुँदैन । तर हाम्रा धेरै समुदायहरूमा आपत्कालीन आश्रयस्थल वा क्वारेन्टाइन स्थलका लागि भनेर छुट्टै भवनहरु तयार गरिएका छैनन् । यस्तो अवस्थामा सार्वजनिक भवनहरूसँगै विद्यालयहरु. बालमैत्री स्थान र सामुदायिक सिकाइ केन्द्रहरु पनि आश्रयस्थल र क्वारेन्टाइन स्थलका रूपमा प्रयोग हुने गरेका छन् । विद्यालय, बालमैत्री स्थान र सिकाइ केन्द्रहरुलाई क्वारेन्टाइनका रूपमा प्रयोग गर्नै पर्ने अवस्था आइपर्दा त्यसका नकारात्मक प्रभावलाई कम गर्न देहायअनुसारका उपायहरु अबलम्बन गर्नु पर्दछ:

**१.सामान्य योजना:**

- आधिकारिक निकायले क्वारेन्टाइन स्थलको लागि अन्य वैकल्पिक ठाउँको पहिचान गरी विद्यालय, बालमैत्री स्थान र सिकाइ केन्द्रहरुलाई क्वारेन्टाइन स्थलको लागि अन्तिम विकल्पको रूपमा मात्र प्रयोग हुन्छन् भन्ने सुनिश्चित गरी संभव भएसम्म अन्य विवकल्पहरुको पहिचान गर्नु पर्दछ ।
- जिल्ला, स्थानीय तह वा क्वारेन्टाइन व्यवस्थापन गर्ने निकायसँग अस्थायी शौचालय बनाउन र क्वारेन्टाइनमा राखिएका सबैजना फर्किइसकेपछि विद्यालय, बालमैत्री स्थान र सिकाइ केन्द्रहरुको सरसफाइ गराउने प्रतिबद्धता एवं मर्मत संभार गर्नको लागि बजेट उपलब्ध हुनुपर्दछ । सामान्यतया विद्यालय, बालमैत्री स्थान र सिकाइ केन्द्रहरुलाई क्वारेन्टाइनको रूपमा प्रयोग गर्दा पुगेको बेफाइदालाई सुधारिएको सुबिधाहरु तथा थप सरसफाई र स्वच्छता सम्बन्धी संरचनाहरुको निर्माण जस्ता देखिने कामहरु गरी पूरा गर्नु पर्दछ ।

**२.आधिकारिक निकायद्वारा विद्यालय बालमैत्री स्थान र सिकाइ केन्द्रहरुलाई क्वारेन्टाइन स्थलका रुपमा तोक्नै पर्ने अवस्थामा :**

- विद्यालय, बालमैत्री स्थान र सिकाइ केन्द्रहरुको परिसरलाई क्वारेन्टाइन स्थलको रूममा प्रयोग गर्दा पालना गर्नुपर्ने आचार संहिता तयार गर्ने गर्नुपर्दछ (आचार संहिताको नमुना www.doe.gov.np मा उपलब्ध छ) । यस कार्यमा सम्बन्धित वडाका जनप्रतिनिधि, प्रधानाध्यापक र व्यवस्थापन समितिले सम्लग्न हुनु पर्दछ र संहिताको कार्यान्वयनको अनुगमन गर्नुपर्दछ ।
- प्रधानाध्यापक र व्यवस्थापन समितिलाई विद्यालय, बालमैत्री स्थान र सिकाइ केन्द्रहरुमा क्वारेन्टाइनमा आउनुभन्दा अगाडि नै फर्निचरहरु तथा अन्य उपकरणहरु पन्छाउने र सुरक्षित कोठामा बन्द गर्ने समय उपलब्ध हुनुपर्दछ ।
- आचारसंहिता पालना, निर्दिष्ट स्थान तथा सुविधाहरु क्वारेन्टाइनमा स्थलमा बस्नेहरुले प्रयोग गरेनगरेको लगायतका विषयहरु अनुगमन गरी अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- विद्यालय,बालमैत्री स्थान र सिकाइ केन्द्रहरुका भवन तथा शैक्षिक एवं अन्य सामग्रीहरूको संरक्षण सम्बन्धी निर्देशन र पालना गर्नुपर्ने बूँदाहरु मौखिक रूपमा र सबैले देख्ने गरि लेखेर टाँस्नुपर्दछ । यसका साथै **“यो हाम्रो सम्पत्ति हो, हामीले यसलाई संरक्षण गर्नुपर्दछ र यसले हामीलाई संरक्षण गर्छ”** , यो सम्पत्ति हाम्रा बाबुनानीहरुको जीवनसँग सम्बन्धित छ भन्ने जस्ता आदर्श वाक्यहरु प्रवेशद्वार र अन्य स्थानहरुमा सबैले देख्नेगरी टाँस्नु पर्दछ ।
- क्वारेन्टाइनमा बस्नेहरूले प्रयोग गर्ने कक्षाकोठा, शौचालय, धारा, तथा ढल जस्ता सुविधाहरूको दैनिक सरसफाइ गर्नुपर्दछ ।

**३. विद्यालय, बालमैत्री स्थान र सिकाइ केन्द्रहरु सुचारु नभएको अवस्थामा**

- आश्रयस्थल विद्यार्थी तथा सिकारुका लागि भएकाले आपत्कालीन अवस्थाका लागि मात्र हो भन्ने सञ्चार गर्नुपर्दछ ।
- विद्यालय,बालमैत्री स्थान र अस्थायी सिकाइ केन्द्रहरुमा निकट भविष्यमा नै विद्यार्थी तथा सिकारुहरु सिक्नका लागि आउने भएकाले उनीहरु आउँदा आश्रयका रुपमा प्रयोग भएका कारण सिर्जना हुनसक्ने त्रास वा भयलाई व्यवस्थापन गर्ने तयारी गर्नुपर्दछ
- आश्रयस्थलका कारण विद्यार्थीको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरको पूर्वानुमान गरी निरोधात्मक विधि जस्तैः सरसफाइ गर्ने, कीटनासक औषधि छर्ने लगायतका विधि उपयोगमा ल्याउने तयारी र सोको कार्यान्वयन गर्नु पर्दछ ।

८. क्वारेन्टाइनको समयावधि समाप्त भए पछि विद्ययालको कोठा, भान्छा, शौचालय, खेल मैदान, इनार, धारा तथा अन्य प्रयोग गरिएका सामग्री र विद्यालय परिसर सफा गरी किटाणु रहित औषधी प्रयोग गरी निर्मलीकरण गरिनेछ ।

९. क्वारेन्टाइनको समयावधि भरी विद्यालयमा कुनै पनि असान्दर्भिक क्रियाकलाप, धुम्रपान, मद्यपान तथा विद्यालय शान्ति क्षेत्रको नियम विपरितका कुनैपनि कार्य गरिने छैन । साथै दीर्घकालसम्म बालबालिकालाई भय उत्पन्न हुनसक्ने कार्य गरिने छैन ।

१०. थप क्वारेन्टाइनको ब्यवस्था गर्न आवश्यक परेको अवस्थामा सकेसम्म वैकल्पिक स्थान छनौट गरिने छ ।

११. विद्यालय परिवारबाट क्वारेन्टाइन सञ्चालन भएका समयमा कार्य सञ्चालनमा बाधा हुने गरी कुनै पनि कार्य गर्ने, गराइने छैन ।

१२. सरकारबाट विद्यालय सञ्चालन गर्ने निर्णय भएपछि कक्षा सञ्चालन गर्नुभन्दा कम्तीमा ३ दिन पहिले नै क्वारेन्टाइन व्यवस्थापन समितिबाट क्वारेन्टाइन व्यवस्थापन बन्द गरी कम्तीमा ७२ घण्टा पहिले नै Disinfection गरी खाली गराइने छ ।

पहिलो पक्ष

अध्यक्ष वा प्रधानाध्यापक,सम्बन्धित विद्यालय

नामः

हस्ताक्षर

दोस्रो पक्ष

अध्यक्ष, क्वारेन्टाइन व्यवस्थापन समिति

नामः

हस्ताक्षर

मितिः

रोहवर :

१. वडाध्यक्ष वा वडा सदस्य

२.

३.

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र एडुकेसन क्लस्टरको सहकार्यबाट तयार गरिएको

**' विद्यालयमा क्वारेन्टाइन व्यवस्थापन गर्दा पालन गर्नु पर्ने आचार संहिताको नमुना, २०७६ '**

नेपाल सरकारबाट कोरोना भाइरस (COVID 19) सम्बन्धी क्वारेटाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ स्वीकृत गरी लागु गरिएको छ । यस मापदण्ड अनुसार विद्यालयलाई क्वारेन्टाइनको स्थलका रुपमा प्रयोग गर्न आवश्यक भएमा सो क्वारेन्टाइन सञ्चालक समिति र विद्यालय बीच सहमति पत्रमा हस्ताक्षर गरी जिम्मा लिने दिने गर्नु पर्नेछ । यस्तो सहमति पत्रमा क्वारेन्टाइन सञ्चालन गर्दा दुवै पक्ष बीच निम्न लिखित आचार संहिता पालना गर्ने, गराउने व्यवस्था मिलाउनु पर्नेछ :

१. क्वारेण्टाइनको सम्पूर्ण अवधिमा विद्यालयको भौतिक तथा आन्तरिक व्यवस्थापनको निगरानी र सुरक्षाको लागि स्थानीय सरकार र विद्यालयले तोकेको व्यक्तिसँग आवश्यक समन्वय गरिनेछ ।

२. विद्यालयको भौतिक सामग्रीहरु जस्तै झ्याल, ढोका, दराज, टेवल, कुर्सी, कार्पेट, कुसन, धारा, पानी ट्याङ्की, कल, शौचालय आदिमा क्षति पुर्‍याइने छैन । क्षति हुन पुगेमा उचित क्षतिपूर्ति उपलब्ध गराइने छ ।

३. कक्षाकोठामा आगो बाल्नाले रङ रोगनसहित आन्तरिक सजावट बिग्रिन वा क्षति हुन सक्दछ । त्यसैले कक्षा कोठामा आगोको प्रयोग गरिने छैन ।

४. विद्यालयमा भएको शैक्षिक तथा सन्दर्भ सामग्री प्रयोग गरिने छैन । साथै उपलब्ध सामग्रीहरु सुरक्षित राखिने छ ।

५. क्वारेन्टाइनको समयावधिभर बिजुली, पानी, टेलिफोन प्रयोग भएमा त्यसबाट उठेको रकम नियमानुसार क्वारेन्टाइन व्यवस्थापन समितिबाट व्यहोरिने छ । ।

६. विद्यालयमा रहेको कम्प्युटर ल्याब, पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलकुदका सामग्रीहरुको प्रयोग गरिने छैन । साथै विद्यालय परिसर भित्रका विद्यालय बगैंचा, रूख विरुवामा क्षति पुर्‍याइने छैन ।

७. शिक्षकहरूलाई आपतकालिन समयमा सहयोगका लागि परिचालन गर्नु परेमा नियमानुसार आवश्यक सुरक्षा उपकरणहरू प्रदान गरेर मात्र परिचालन गरिनेछ ।